बैठक संख्या: १४
बैठक मिति: २०७६।८।३०

## छलफल तथा निर्णयहरु

१. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट शिक्षण स्वयंसेवक सेवा परिचालन सम्बन्धी कार्यविधि, २०७६ को मस्यौदामा आयोगको राय/सुझाव उपलब्ध गराइदिन माग भई आएको सम्बन्धमा बैठकमा प्राप्त सुझावहरु लाई समेत समावेश गर्ने गरी सुशासन तथा सामाजिक विकास महाशाखाले तयार गरेको राय/सुझाव पठाउने ।

२. अर्थ मन्त्रालयबाट बेलायत सरकारको सहयोगमा सन् २०१७ देखि सञ्चालनमा रहेको **Evidence for Development Programme** आयोजनाको अवधि सन् २०१९ डिसेम्बर ३१ बाट सकिने हुँदा सन् २०२३ सम्मका लागि **Contract Extension** का सम्बन्धमा आयोगको राय उपलब्ध गराइदिन माग भई आएको सम्बन्धमा बैठकमा प्राप्त सुझावहरुका आधारमा उक्त कार्यक्रम कार्यान्वयन गर्दा विभिन्न वर्षहरुमा सञ्चालन हुने माइलस्टोन सहितका कार्य/कृयाकलापहरु र सो बमोजिम प्रस्तावित बजेट, उक्त कार्यक्रमबाट प्राप्त हुने प्रतिफल एवम् अपेक्षित उपलब्धी तथा नतिजा सूचकहरु लगायतका विषयहरु समावेश नभएकोले यसको **Extension** मा थप राय उपलब्ध गराउन नसकिने। यस्ता प्रकृतिका विकास सहायता प्राप्त गर्दा विद्यमान विकास सहायता नीति, २०७६ तथा प्रदेश तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय सहायता परिचालन गर्ने सम्बन्धमा भएका व्यवस्था बमोजिम हुनेगरी राष्ट्रिय बजेट प्रणाली मार्फत सहायता परिचालन गर्नुपर्ने विषय लेखी पठाउने ।

३. आयोगले चालु आ.व. २०७६/७७ मा हालसम्म गरेका निर्णयहरुको कार्यान्वयन स्थितिका बारेमा जानकारी गराइयो ।

४. आगामी आ.व. २०७७/७८ को लागि प्रदेश र स्थानीय तहमा समपुरक तथा विशेष अनुदान बाडफाँट गर्ने आयोजना/कार्यक्रम प्रस्ताव आव्हान तथा मुल्याङ्कन विधि र सोको सूचनाका सम्बन्धमा बैठकमा प्राप्त राय/सुझावका आधारमा मुल्याङ्कन विधि परिमार्जन गर्ने र प्रस्ताव आव्हानका लागि सार्वजनिक सूचना प्रकाशित गर्ने।